# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०४ अंक – ३२, २०८३ जेठ


**महासंघको परिचय:**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, सञ्जालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। यो संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवाका साथै जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

**हाम्रो सम्पर्क:**


**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन
# “बहिरा आवाज”
वर्ष -०४ अंक – ३२, २०८३ जेठ

## यस अंक भित्र:


| विषय-सूची | पेज |
|---|---|
| १. चितवनमा दुई महिने नेपाली साङ्केतिक भाषा तालिम सम्पन्न | - ३ |
| २. संसद बैठकको प्रत्यक्ष प्रसारणमा साङ्केतिक भाषा दोभाषेको प्रबन्ध | - ३ |
| ३. स्थानीय जनप्रतिनिधिहरुसँग अपाङ्गता समावेशी यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार सम्बन्धी समन्वय बैठक सम्पन्न | - ५ |
| ४. अपाङ्गतामैत्री सुरक्षित मातृत्व सेवा निर्देशिका, २०७९ को स्थानीयकरण सम्बन्धी प्रदेशस्तरीय पैरवी बैठक सम्पन्न | - ५ |
| ५. तेस्रो विश्व सहायक प्रविधि दिवस सम्पन्न | - ६ |
| ६. यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR) सम्बन्धी अन्तर्क्रिया सम्पन्न | - ७ |
| ७. अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच विस्तारमा जोड | - ७ |
| ८. विभिन्न विषयमा जानकारीमुलक भिडियोहरु निर्माण | - ८ |


### विविध


९. गोरखा बहिरा संघको अधिवेशन सम्पन्न - ८


### प्रकाशित समाचारबाट


- Nepal’s parliament is now accessible in sign language-but interpreters face challenges - ९
- राष्ट्रिय बहिरा महासंघको पहलमा पहिलो पटक संघीय संसद प्रत्यक्ष प्रसारणमा सांकेतिक भाषा - ९
- संसद्मा साङ्केतिक भाषा : बहिरा महासङ्घद्वारा खुसी व्यक्त - ९
- साङ्केतिक भाषामा हिमाल चिनाउँदै बहिरा ट्रेकिङ गाइड - ९
- साङ्केतिक भाषामा हिमाल चिनाउँदै बहिरा ट्रेकिङ गाइड - ९

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

NDFN 1995

वर्ष -०४ अंक – ३२, २०८३ जेठ


## १. चितवनमा दुई महिने नेपाली साङ्केतिक भाषा तालिम सम्पन्न

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयवाट काठमाडौँ महानगरपालिकामार्फत प्राप्त वार्षिक अनुदान कार्यक्रम अन्तर्गत राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा दुई महिने आधारभूत नेपाली साङ्केतिक भाषा दोभाषे तालिम चितवनमा मिति २०८३ जेठ १० गते सम्पन्न भएको छ । स्थानीय तहमा दक्ष दोभाषे उत्पादन गरी बहिरा नागरिकहरूको सञ्चारमा पहुँच सुनिश्चित गर्ने उद्देश्यले मिति २०८२ चैत्र १२ गते आरम्भ भएको उक्त तालिममा कोशी, मधेश, बागमती, गण्डकी तथा लुम्बिनी प्रदेशका १३ जिल्लाबाट जम्मा १३ जना (म:१० र पु:३) सहभागीहरूको सहभागिता रहेको थियो ।



*कार्यक्रमको क्रममा*

तालिममा नेपाली साङ्केतिक भाषाका शब्द संकेत, बहिरा समुदायसँगको सञ्चार शैली, व्यवहारिक प्रयोग, दोभाषेको भूमिका, व्यावसायिक आचारसंहिता तथा पेशागत अवसर र चुनौतीबारे प्रशिक्षण प्रदान गरिएको थियो । प्रमुख प्रशिक्षक कृष्ण गजुरेल तथा राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपालका उपाध्यक्ष दिनेश श्रेष्ठले प्रशिक्षण सहजीकरण गर्नुभएको थियो ।



*सामुहिक तस्बिर*

कार्यक्रम समापन समारोहमा वक्ताहरुले साङ्केतिक भाषा दोभाषे सेवाको आवश्यकता दिनप्रतिदिन बढिरहेको उल्लेख गर्दै यसले शिक्षा, स्वास्थ्य, कानुनी सहायता तथा सार्वजनिक सेवामा बहिरा नागरिकहरूको पहुँच विस्तार गर्ने विश्वास व्यक्त गरेको थियो । महासंघका अध्यक्ष सन्तोष के.सी.ले देशका ७५३ वटै स्थानीय तहमा साङ्केतिक भाषा दोभाषे परिचालन गर्ने दीर्घकालीन लक्ष्य रहेको जानकारी दिनुभयो । तालिमले स्थानीय तहमै दक्ष दोभाषे उत्पादन गरी समावेशी समाज निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

- Simrik Sanchar बाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस् ।
- Kalika FM बाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस् ।
- समता प्रेसबाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस् ।
- Bizpati बाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस् ।

## २. संसद बैठकको प्रत्यक्ष प्रसारणमा साङ्केतिक भाषा दोभाषेको प्रबन्ध

नेपालको संघीय संसद प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठकहरूको प्रत्यक्ष प्रसारणमा मिति २०८३ वैशाख २८ गतेदेखि नेपाली साङ्केतिक भाषा दोभाषे सेवा सुरु गरिएको छ । यस ऐतिहासिक उपलब्धिले बहिरा समुदायको सूचना तथा सञ्चार पहुँच सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण कदमको रूपमा काम गर्ने अपेक्षा गरिएको छ । अब संसदमा हुने नीति तथा कार्यक्रम, बजेट, कानुन निर्माण,

जस्ता राष्ट्रिय महत्वका विषय तथा समसामयिक छलफलहरूबारे बहिरा समुदाय प्रत्यक्ष रूपमा सुसूचित हुने वातावरण सिर्जना भएको छ।







*संघीय संसद बैठकको प्रत्यक्ष प्रसारणमा दोभाषे सेवा प्रदान गर्दै*






*राष्ट्रिय सभा बैठकको प्रत्यक्ष प्रसारणमा दोभाषे सेवा प्रदान गर्दै*

संघीय संसदका सम्माननीय सभामुख श्री डोल प्रसाद अर्यालज्यूले "सूचनाको हक सबै नागरिकको समान अधिकार हो, त्यसैले बहिरा समुदायले पनि संसदका गतिविधि र महत्वपूर्ण जानकारी प्राप्त गर्न पाउनुपर्छ" भन्दै समावेशी, प्रविधिमैत्री तथा प्रभावकारी संसदीय अभ्यासलाई थप सुदृढ बनाउने उद्देश्यले सुरु गरिएका सेवाहरूले संसदको कार्यसम्पादनलाई अझ सहज, पहुँचयोग्य र व्यवस्थित बनाउने विश्वास व्यक्त गर्नुभएको थियो।

महासंघका अध्यक्ष सन्तोष के.सी.ले यो उपलब्धीलाई बहिरा समुदायको सूचना पाउने अधिकार कार्यान्वयन तर्फको ऐतिहासिक सफलता प्राप्त भएको उल्लेख गर्नुभयो। महासचिव सिताराम ओझाले संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ तथा संयुक्त राष्ट्रसंघीय महासन्धिको मर्मअनुसार सञ्चारको पहुँच सुनिश्चित गर्न गरिएको यो व्यवस्था प्रशंसनीय रहेको बताउनुभयो । महासंघले प्रतिनिधिसभाका सम्माननीय सभामुख, संघीय संसद सचिवालय, नेपाल सरकार तथा सम्बद्ध निकायहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा थप समावेशी सञ्चार पहुँचका लागि सहकार्यको अपेक्षा गरेको छ।

## ३. स्थानीय जनप्रतिनिधिहरुसँग अपाङ्गता समावेशी यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार सम्बन्धी समन्वय बैठक सम्पन्न

एम्प्लिफाई चेन्जको सहयोगमा साझेदार संस्था अपाङ्गता भएका महिलाहरूको महासंघको आयोजनामा मिति २०८३ जेठ ८ गते, जनकपुरधाममा स्थानीय जनप्रतिनिधिहरुसंग अपाङ्गता समावेशी यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार (SRHR) र व्यापक यौनिकता शिक्षा (CSE) सम्बन्धी समन्वय बैठक सम्पन्न भएको थियो । अपाङ्गता भएका महिला, बालबालिका तथा अन्य व्यक्तिहरूले स्वास्थ्य सेवा, सार्वजनिक सेवा र सामाजिक सुरक्षामा पहुँच प्राप्त गर्न भोगिरहेका चुनौती, विभेद तथा अवरोधबारे आयोजना गरिएको थियो । अपाङ्गता भएका व्यक्तिहरूको लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकारबारे स्थानीय जनप्रतिनिधिहरुको समान बुझाइ अभिवृद्धि गर्दै स्थानीय नीति तथा योजनामा समावेशीकरण एवं अपाङ्गता भएका व्यक्तिहरूको सहकार्य तथा सेवामा पहुँच बढाउनु कार्यक्रमको उद्देश्य रहेको थियो ।



*स्थानीय निकायका प्रतिनिधिहरुसंग समन्वय बैठक*

उक्त कार्यक्रममा बिभिन्न सरोकारवाला पक्षहरुबाट २७ जनाको सहभागी रहेको बैठकले अपाङ्गता समावेशी योजना, पहुँचयुक्त सेवा तथा निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिताको आवश्यकता सम्बन्धी बुझाइ बिकास गरेको छ । बैठकमा उपस्थित जनकपुरधाम उपमहानगरपालिकाकी उपप्रमुख किशोरी साह एवं जनप्रतिनिधिहरूले स्वास्थ्य संस्था तथा सार्वजनिक भवनहरूलाई अपाङ्गतामैत्री बनाउने एवं आगामी योजना र बजेटमा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, सेवा सुविधा र पहुँच अभिवृद्धिका कार्यक्रम समावेश गर्ने प्रतिबद्धता जनाएका थिए । छलफलबाट अपाङ्गता समावेशी योजना, पहुँचयुक्त सेवा तथा निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिताको आवश्यकता थप स्पष्ट भएको छ ।

## ४. अपाङ्गतामैत्री सुरक्षित मातृत्व सेवा निर्देशिका, २०७९ को स्थानीयकरण सम्बन्धी प्रदेशस्तरीय पैरवी बैठक सम्पन्न

साझेदार संस्था नेत्रहीन युवा संघ नेपालले एम्प्लिफाई चेन्जको सहयोगमा SCOPE for SRHR परियोजना अन्तर्गत २०८३ जेठ १३ गते लुम्बिनी प्रदेश, भालुबाङ दाङमा अपाङ्गतामैत्री सुरक्षित मातृत्व सेवा निर्देशिका, २०७९ को स्थानीयकरण सम्बन्धी प्रदेशस्तरीय पैरवी बैठक आयोजना गरिएको थियो । अपाङ्गतामैत्री सुरक्षित मातृत्व सेवाको प्रभावकारी कार्यान्वयन, पहुँचयोग्य यौन तथा प्रजनन स्वास्थ्य सेवाको सुनिश्चितता तथा प्रदेशस्तरमा बजेट विनियोजनका लागि पैरवी गर्नु कार्यक्रमको उद्देश्य रहेको थियो ।



*अपाङ्गता समावेशी SRHR सम्बन्धी प्रस्तुतीकरण*

कार्यक्रममा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, परियोजना टोली तथा अन्य सरोकारवालाहरू गरी १७ जना प्रत्यक्ष सहभागी भएका थिए। सहभागीहरूले अपाङ्गतामैत्री सुरक्षित मातृत्व सेवा निर्देशिका, २०७९ को छलफल पश्चात अपाङ्गता समावेशी मातृ स्वास्थ्य र यौन तथा प्रजनन स्वास्थ्य सेवाको आवश्यकतालाई स्वीकार गर्दै आगामी नीति, योजना तथा बजेटमा अपाङ्गता समावेशी कार्यक्रमहरू समावेश गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।


*सामुहिक छलफल*

स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशका जनस्वास्थ्य प्रशासक उमेश गौतमले अपाङ्गतामैत्री स्वास्थ्य सेवा प्रभावकारी बनाउन पहुँचयुक्त संरचना, व्यवहारिक परिवर्तन एवं स्वास्थ्यकर्मीलाई अपाङ्गता समावेशी सेवा तथा सञ्चार सम्बन्धी क्षमता विकास आवश्यक रहेको बताउदै मन्त्रालयले आगामी योजनामा यस विषयलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। सामाजिक विकास मन्त्रालयका वरिष्ठ महिला विकास अधिकृत सम्झना सुवेदीले अपाङ्गता समावेशी कार्यक्रम तथा बजेट निर्माणमा नागरिक समाज र अपाङ्गता भएका व्यक्तिहरूका संस्थासँगको सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

## ५. तेस्रो विश्व सहायक प्रविधि दिवस सम्पन्न

तेस्रो विश्व सहायक प्रविधि दिवसको अवसरमा सूचना तथा प्रविधि विभागको आयोजनामा राष्ट्रिय बहिरा महासंघ नेपाल, नेपाल नेत्रहीन संघ, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका अभिभावक महासंघ नेपाल, प्रयत्न नेपाल, नेत्रहीन युवा संघ नेपाल, एक्सेस प्लानेट र नेत्रहीन महिला संघ नेपालको संयुक्त सह-आयोजनामा काठमाडौंमा मिति २०८३ जेठ २१ गते राष्ट्रिय नीति संवाद तथा सहायक प्रविधि प्रदर्शनी कार्यक्रम उत्साहपूर्वक काठमाडौँमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा विभिन्न संघ संस्था र सरोकारवाला निकायहरु गरि ५० जनाको उपस्थित रहेको थियो। उक्त कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच, सञ्चार, शिक्षा, गतिशीलता तथा दैनिक जीवनमा सहयोग पुर्‍याउने विभिन्न सहायक प्रविधिहरुको प्रदर्शनी गरिएको थियो। सहायक प्रविधिको आवश्यकता, पहुँच र नीतिगत सुधारबारे बहुपक्षीय संवाद तथा सहकार्यलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको थियो।


*कार्यक्रममा सहभागीहरु*

थप विवरण यहाँ हेर्नुहोस्।

## ६. यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR) सम्बन्धी अन्तरक्रिया सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा एम्प्लिफाई चेन्जको सहयोगमा मिति २०८३ जेठ ११ गते काठमाडौँमा स्वास्थ्यसंग सम्बन्धित सरकारी निकायहरुसंग अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR) सम्बन्धी एक दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको मुख्य उद्देश्य अपाङ्गता भएका व्यक्तिहरुको SRHR सम्बन्धी पहुँच र अधिकारका लागी वकालत गर्न सरोकारवालाहरूबीच समान बुझाई बिकास गर्नु एवं सहकार्य गर्नु रहेको थियो । कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुले हाल SRHR अधिकार पहुँचमा भोग्नुपरेको व्यवहारिक कठिनाई, कार्यान्वयनमा समस्या रहेको र स्वास्थ्य संस्थामा पहुँचयुक्त पूर्वाधार (र्‍याम्प, शौचालय), साङ्केतिक भाषा, ब्रेल सामग्रीको आवश्यकता र स्वास्थ्य सूचना प्रणाली (HMIS) मा अपाङ्गता खण्डीकृत तथ्याङ्कको आवश्यकता सम्बन्धमा छलफल गरिएको थियो। कार्यक्रममा स्वास्थ्य सेवा विभाग अन्तर्गत परिवार कल्याण महाशाखाका शाखा अधिकृत सर्मिला दाहाल पौडेलले नेपाल सरकारले 'कोही पनि नछुटुन्' भन्ने सिद्धान्त अन्तर्गत SRHR लाई आधारभूत स्वास्थ्य सेवामा प्राथमिकता दिएको कुरा बताउनु भएको थियो। कार्यक्रममा सरकारी निकायका प्रतिनिधिहरुले SRHR मा पहुँच बढाउन आगामी दिनमा सरकारी निकाय, गैरसरकारी संस्था र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू (OPDs) बीच सहकार्य गर्ने प्रतिवद्दता गर्नुभएको थियो।


*सामुहिक छलफल गर्दै*

## ७. अपाङ्गता समावेशी यौन तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच विस्तारमा जोड

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना र एम्प्लिफाई चेन्ज को सहयोगमा शिक्षासंग सम्बन्धित सरकारी निकायहरुसंग मिति २०८३ जेठ ६ गते काठमाडौँमा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR) सम्बन्धी एक दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। SRHR सम्बन्धी विद्यमान नीति तथा कार्यक्रम एवं अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा पहुँच बढाउन समान बुझाइ र सहकार्य बढाउनु कार्यक्रमको उद्देश्य रहेको थियो । कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूका लागि पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, सूचनामा पहुँच बढाउन ब्रेल, नेपाली साङ्केतिक भाषा र चित्रात्मक ढाँचामा बृहत् यौनिकता शिक्षा सामग्री निर्माण गर्ने तथा साङ्केतिक भाषाको


*बिषयगत प्रस्तुती दिदै*

शब्दावली विकास गर्ने आदि विषयमा छलफल भएको थियो। कार्यक्रम समापन गर्दै राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के. सी. ज्यूले अपाङ्गता भएका व्यक्तिहरूको विविध आवश्यकता बुझेर एकै खाले बुझाई लागू गर्नु प्रभावकारी नहुने कुरा बताउनु भएको थियो। नेपालमा समावेशी SRHR नीति र सेवाहरूको पहुँच सुनिश्चित गर्न आगामी दिनमा सबै सरोकारवालाहरू मिलेर संयुक्त रुपमा जानु पर्ने कुरामा जोड दिदैं कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूका सवालमा सरकारी निकाय एवं अपाङ्गता भएका व्यक्तिका संघसंस्थाहरु बीच सहकार्य गर्ने विषयमा छलफल भएको थियो।



*कार्यक्रम समापन गर्नुहुदै अध्यक्ष*

## ८. विभिन्न विषयमा जानकारीमुलक भिडियोहरु निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा समुदायको सूचना र सञ्चार पहुँचमा नेपाली साङ्केतिक भाषाको भिडियो निर्माण कार्यलाइ निरन्तरता दिदै आइरहेको छ। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक तथा सहभागितामुलक भिडियो सामग्रीहरु प्रसारण गरिएको छ। जेठ महिनामाको जानकारीमुलक भिडियो तल हेर्नुहोस्।

१. "Free Worldcup र सिनेमा" ठगहरुप्रति सचेत रहौं" सचेतना भिडियो यहाँ हेर्नुहोस्।
२. "अपरिचित व्यक्तिसँग व्यक्तिगत तस्बिर/भिडियो कहिल्यै सेयर नगर्नुहोला" सचेतना भिडियो यहाँ हेर्नुहोस्।

# विविध

## ९. गोरखा बहिरा संघको अधिवेशन सम्पन्न

मिति २०८३ जेठ १६ गते सम्पन्न गोरखा बहिरा संघको २९ औँ वार्षिक साधारण सभा तथा १०औँ अधिवेशनबाट अध्यक्ष रामकुशल पन्तको नेतृत्वमा ७ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - अस्मिता श्रेष्ठ, महासचिव - रिहा महर्जन, कोषाध्यक्ष - गोमा पन्त पौडेल र सदस्यहरुमा - सनमाया गुरुङ, किरण ढकाल र प्रतिक्षा श्रेष्ठ निर्वाचित भएको छन्।




*नवनिर्वाचित कार्यसमितिहरुको सामुहिक तस्बिर*

NDFN 1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक – ३२, २०८३ जेठ

## प्रकाशित समाचारबाट

- The Kathmandu Post ले प्रकाशित गरेको समाचार शिर्षक "Nepal’s parliament is now accessible in sign language-but interpreters face challenges" यहाँ हेर्नुहोस् ।
- Bizpati समाचारले प्रकाशित गरेको समाचार शिर्षक "राष्ट्रिय बहिरा महासंघको पहलमा पहिलो पटक संघीय संसद प्रत्यक्ष प्रसारणमा सांकेतिक भाषा" यहाँ हेर्नुहोस् ।
- Nepal Press समाचारले प्रकाशित गरेको समाचार शिर्षक "संसद्मा साङ्केतिक भाषा: बहिरा महासङ्घद्वारा खुसी व्यक्त" यहाँ हेर्नुहोस् ।
- नागरिक दैनिक समाचारले प्रकाशित गरेको समाचार शिर्षक "साङ्केतिक भाषामा हिमाल चिनाउँदै बहिरा ट्रेकिङ गाइड" यहाँ हेर्नुहोस् ।
- रातोपाटी समाचारले प्रकाशित गरेको समाचार शिर्षक "साङ्केतिक भाषामा हिमाल चिनाउँदै बहिरा ट्रेकिङ गाइड" यहाँ हेर्नुहोस् ।

---

**हाम्रा साझेदार संस्थाहरु :-**




**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०४ अंक – ३२, २०८३ जेठ

**सचेतनामूलक सूचना सामाग्री :**

